प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**गण्डकी प्रदेश, पोखराको प्रविधिमैत्री वित्तिय साक्षरता कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन भएको मितिः २०७७/१०/१५

यस मन्त्रालयको वार्षिक विकास कार्यक्रममा समावेश भएको स्थानीय तह तथा नीजि तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन अन्तर्गत रही मन्त्रालयबाट स्वीकृत पाठ्यक्रमका आधारमा पहिलो तहको आधारभूत साक्षरताको अवसर प्राप्त गरी निरन्तर शिक्षाको दोस्रो तहको अवसर नपाएका १५-६० उमेर समूहका नवसाक्षरहरुलाई जीवन पर्यन्त शिक्षाको रुपमा निरन्तर शिक्षालाई सीपसँग आवद्ध गरी लक्षित समूहको आवश्यकता पूरा गर्ने खालको प्रविधिमा आधारित वित्तिय साक्षरता कक्षा सञ्चालन गर्न आवश्यक एवम् इच्छुक सामुदायिक सिकाइ केन्द्रहरुले स्थानीय तहको सिफारिस सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा पेश गर्नका लागि सम्बन्धित सामुदायिक सिकाइ केन्द्रहरुलाई सूचीत गरिन्छ ।

पेश गर्नुपर्ने कागजातहरुः

१. साक्षर नेपाल अभियानमा कार्यक्रम सञ्चालनमा कार्य गरेको भएमा सो सम्बन्धि प्रष्ट हुने कागजातहरु
२. वार्षिक कार्ययोजना एवम् साक्षरता कार्यक्रम सञ्चालनको कार्ययोजना
३. वार्षिक प्रगती प्रतिवेदन
४. क्षेत्रगत रुपमा कार्यक्रम सञ्चालन गरेको भएमा सोको विवरण खुल्ने कागजातहरु
५. व्यवस्थापन समिति गठन र बैठक निरन्तरता खुल्ने कागजातहरु
६. स्थानीय स्रोतको परिचालन गर्ने गरेको भएमा सो सम्बन्धी कागजातहरु
७. विभिन्न निकायसँग समन्वय र बैठक पुस्तिकाको फोटोकपी
८. पेशागत समूह गठन/ आयआर्जन समूह गठन र परिचालन सम्वन्धी विवरण
९. साधारण सभाको नियमितता र नविकरण सम्बन्धी कागजातहरु
१०. लेखापरिक्षण प्रतिवेदनको फोटोकपी
११. सामुदायिक पुस्तकालयको स्थापना र प्रयोगको अवस्था झल्कने फोटोहरु
१२. सामुदायिक सिकाइकेन्द्रको प्रोफाइल
१३. सम्बन्धित स्थानीय तहको सहितको सिफारिस पत्र ।

साथै मन्त्रालयको वेवसाइट www.mosd.gandaki.gov.np मा रहेको **स्थानीय तह तथा नीजि तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री वित्तिय साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम(साक्षर गण्डकी प्रदेश घोषणा समेत) सञ्चालन मापदण्ड,२०७७** बाट प्रस्तावपत्रको ढाँचा, छनौट एवम् मूल्याङ्कनका आधारहरु प्राप्त गर्न सकिनेछ भने प्रस्ताव मन्त्रालयको इमेल ठेगाना mosdgedu@gmail.com मा समेत पठाउन सकिनेछ । थप जानकारीका लागि सम्पर्क नम्बर ९८५६०३६७५० मा सम्पर्क गर्न सकिनेछ ।